प्रतिदिन पुग्यो वार्षिकोत्सव

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१५ ।। अङ्क : १८४ ॥ २०८० भाद्र १२ गते मंगलबार (29th Aug 2023 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

भद्रपुरबाट हराएकी बालिका निर्जला मृत फेला

भद्रपुर(प्रस)। भद्रपुरबाट एकाएक गायब भएकी बालिका मृत अवस्थामा फेला परेकी छिन् । भद्रपुर नगरपालिका- ९ प्रकाशपुर निवासी सोमनाथ सिग्देलकी ३ वर्षीया छोरी निर्जला मृत अवस्थामा फेला परेको स्थानीय पत्रकार वीरेन्द्र न्यौपानेले जानकारी दिए । उनको शव घरदेखि ५०० मिटर दक्षिणतर्फको पक्की नालामा डुबेको अवस्थामा फेला परेको हो । घरनजिकै रहेको केदारेश्वर शिवालय मन्दिर आमाबुबाले छोरी निर्जलालाई सँगै भजन सुन्न लगेका थिए । मन्दिरभित्र

आमाबुबा भजन सुनिरहेको बेला निर्जला बाहिर खेल्दै थिइन् । मन्दिरबाहिर खेल्दाखेल्दै बालिका सोमबार दिउँसो साढे १२ बजे एकाएक हराएकी थिइन् । बालिकालाई कसैले लगेको भन्दै स्थानीयले होहल्ला गर्दै खोजी सुरु गरेका थिए । बालिका हराएको भन्दै सामाजिक सञ्जालमा उनको तस्बीरसमेत भाइरल बनेको थियो । घटनाको बारेमा जिल्ला प्रहरी कार्यालय झापालाई समेत खबर गरिएको थियो । बालिकाको खोजी गर्ने क्रममा साढे ३ घण्टापछि मन्दिर अगाडीको नालामा डुबेको अवस्थामा उनको शव फेला परेको पत्रकार न्यौपानेले बताए ।

'मन्दिर अगाडीको नालामा बालिका डुबेको र पानीले बगाउँदै ५०० मिटर परसम्म शव ल्याएको देखिन्छ,' उनले भने । बालिकाको शव फेला परेपछि प्रहरी टोली घटनास्थल पुगेको थियो ।

डाक्टर प्रज्वल कोइराला बेपत्ता

झापा(प्रस)। झापाको दमक नगरपालिका- १ घर भएका डाक्टर प्रज्वल कोईराला सम्पर्कबिहीन भएका छन । उनी आईतवार बेलुकादेखि सम्पर्कबिहीन भएको पारिवारिक स्रोतले बताएको छ।

डाक्टर कोईरालाको प्रदेश १-४१६६ नम्बरको गाडी भने चतरा कोशी पुलपारि उदयपुर बेलाका ८ मा भेटिएको छ । उनले प्रयोग गर्ने मोबाइल जुत्ता र कपडा गाडीमा रहेको र गाडी लक नगरेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । चतराघाटस्थित कोशी पुलको उदयपुर खण्डमा सवार

साधन छाडेर बेपत्ता भएका डा.कोईरालाको खोजीका लागि गोताखोर परिचालन गरिएको छ ।

हराएका डाक्टर कोइरालाको खोजी गर्न सशस्त्र प्रहरीको गोताखोरको टोली र इलाका प्रहरी कार्यालय रामपुरबाट वरिष्ठ प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रवक्ता डिएसपी हरिनन्दन चौधरीले बताए । बेपत्ता भएका चिकित्सकको कोशी नदी र आसपासका क्षेत्र खोजी भइरहेको प्रहरीको भनाइ छ ।स्थानीयवासीले बेवारिसे कार देखेपछि सोमवार बिहान ४ बजे प्रहरीलाई खबर गरेका थिए । डाक्टर कोइराला राति २ बजे कोशीको पुलमा आएको सिसी टिभी फुजेटमा देखिएको प्रहरीले जनाएको छ ।

डाक्टर कोईराला जनरल सर्जन हुन् । करिब तीन बर्ष लाईफलाईनमा काम गरेका डाक्टर कोईराला एक साताअघि मात्रै मदन भण्डारी ट्रमा सेन्टर उर्लाबारी गएका थिए । उनले खोलामा हामफालेर आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ ।

ठूलो मात्रामा ब्राउनसुगरसहित तीन कारोबारी पक्राउ

झापा(प्रस) ।झापा गाउँपालिकाबाट ठूलो मात्रामा प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित तीन जनालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मोरङ जिल्ला उर्लाबारी नगरपालिका-७ का २७ वर्षीय विनोद लिम्बू, सोही नगरपालिका-१० का २६ वर्षीय सुरेश धिमाल र झापा गौरादह नगरपालिका -४ का २५ वर्षीय सन्देश लिम्बू रहेको सशस्त्र प्रहरी

बल नेपाल नम्बर २ गण झापाका सूचना अधिकारी डीएसपी दिनेश कटुवालले जानकारी दिए ।

झापा-१ बेलायतीबारीस्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट टाघनडुब्बाका इन्स्पेक्टर दिपेन्द्रमणि राईको कमान्डमा खटिएको सशस्त्र प्रहरीले टोलीले आइतवार राति सवा ९ बजेको समयमा दुईवटा मोटरसाइकलमा सवार उनीहरूलाई शंका लागेर चेकजाँच गर्दा ४४ ग्राम २८० मिलिग्राम ब्राउनसुगर , तीन थान मोबाइल र नगद ५१ हजार ८८५ रुपैयाँ फेला परेको थियो ।

सशस्त्रले प्रदेश १-०२-०४७ प ७०४२ र को २१ प १०४० नम्बरको मोटरसाइकल, ब्राउनसुगर र नगदसहित पक्राउ परेका तीनै जनालाई थप कानुनी कारबाहीका लागि नेपाल प्रहरीलाई बुझाइएको जनाएको छ।

गिरीबन्धु टि इस्टेटको छानबिन गर्न सरकारलाई ओलीको चुनौती

झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गिरीबन्धु टि इस्टेट, वाइडबडी, यती होल्डिङ्स र ओम्नी जस्ता ठूला भ्रष्टाचार प्रकरणमा छानबिन गर्न सरकारलाई चुनौती दिएका छन् ।

एमालेबाट निर्वाचित काठमाडौंका जनप्रतिनिधिहरुलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले सरकारलाई यस विषयमा पहिलेदेखि नै छानबिन गर भन्दै आएको तर सरकारले नै छानबिन नगरेको बताएका छन् ।

'के यती होल्डिङ्स, यती होल्डिङ्स कराइराखेका छन् । छानबिन गरे भइहाल्यो नि ! वाइडबडी छानबिन गरेर आफैं जेल गए भइहाल्यो नि !,' ओलीले भने, 'अस्तिसम्म ललिता निवास-ललिता निवास भन्दै थिए । अहिले कस्तो भागारे भाग छ । अहिले चिया बगान भनिएको छ । गर न छानबिन ।'बिना कानुन २०५३ सालमा कमिसन खाएर तत्कालीन सरकारले १९ विगाह र २०६० सालमा १९ विगाह जग्गा बेच्न दिइएको भन्दै ओलीले भने, 'त्यसको छानबिन गर । अनि जेल जाऊ ! हामीले कानुन बनाइदिएका हौं । अब उपरान्त कमिसन खाएर नगर भनेर कानुन बनाइदिएको हो । कानुन बनाउँदा कसैले कमिसन खान्छ ? कारोबार गर्दा कमिसन खाला नि !'ओम्नीको विषयमा भने आफूले पत्रिका पढेर मात्रै थाहा पाएको बताए । यसबारे पनि छानबिन गर्न सरकारलाई उनले चुनौती दिएका छन् । ओलीले भने, ' ओम्नी भनेको देखेको पनि छैन सुनेको मात्रै हो । छानबिन गरे भैहाल्यो । भ्रष्टाचारीहरुको यत्रो कुरा हामीलाई थर्काउने उल्टै ?'

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजी (हिपेटर), पेट, न्यूरोलिक, मल्टर जर्मिस, हेपाटोबिलिरी रोग
समय: प्रत्येक आईतबार, बुधबार

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नसा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किडनी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना पिर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, रोमचर्म, बुधवारोग
समय: प्रत्येक शनिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराइड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), जोर्ना, कम्मर, नसा, हाड रोग/सर्जन
समय: प्रत्येक महिना पिर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नसा, रोग (ब्रेन तथा मिर्गौर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मगत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बालरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इन्डुलोजीकर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बालरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा लैंगलैंगि
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-७, भद्रपुरर्रोड, झापा (खामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/निडिओ एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

कोशी प्रदेशमा 'बजेट होलिडे'

झापा(प्रस) ।सत्ता लुछाचुँडीको राजनीतिक अकर्मण्यताका कारण कोशी प्रदेश 'बजेट होलिडे' (बजेट शून्यता)को अवस्थामा पुगेको छ।

आम्दानी र खर्च दुवै रोकिने गरी बजेट शून्यताको अवस्थामा प्रदेश पुग्नुको पछाडि भने राजनीतिक दलहरूले सत्ता टिकाउन चालेको गैरसंवैधानिक कदम नै हो।

एमाले नेतृत्वको सरकारले जेठ ३२ गते ल्याएको आर्थिक अध्यादेश र विनियोजन अध्यादेश, २०८० आइतबार राति १२ बजेदेखि निष्क्रिय भएसँगै प्रदेश बजेट शून्यताको अवस्थामा पुगेको छ। जसका कारण अध्यादेशका आधारमा हुने प्रदेशको आम्दानी र खर्च रोकिएको छ।

तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० जारी गर्दै जेठ ३२ गते अध्यादेशमार्फत बजेट ल्याएका थिए। दुवै अध्यादेश असार १४ गते प्रदेशसभामा टेबल भएको थियो। अध्यादेश संसदमा टेबल भएको ६० दिनभित्र जस्ताको तस्तै पास गर्नुपर्ने वा विधेयकमार्फत प्रतिस्थापन गर्नुपर्ने व्यवस्था छ।

तर, दुवै सम्भावना सकिएपछि अध्यादेश अहिले निष्क्रिय भएको छ। प्रदेशसभाले स्वीकार गरेको दुवै विधेयकको कानुनी तथा संवैधानिक हैसियत समाप्त भएको छ। अध्यादेश निष्क्रिय भएर बजेट शून्यताको अवस्था सिर्जना हुँदा प्रदेशमा आर्थिक गतिविधि ठप्प बनेको छ।

आम्दानी र खर्च गर्न नपाउँदा विकास निर्माणका योजनाको भुक्तानी, निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालित कार्यक्रमदेखि कर्मचारीको तलब भत्तासम्म रोकिएको छ। अघिल्लो सरकारले ल्याएको बजेट अध्यादेशबाट चालू खर्च भइरहेको थियो।

पुँजीगत खर्चका लागि अख्तियारी गएकै थिएन। अब सरकारको साधारण खर्च पनि रोकिएको छ। आर्थिक अध्यादेशमा आम्दानी र विनयोजन अध्यादेशमा खर्चको विवरण समावेश हुन्छ। राजस्व उठाउन र खर्च गर्न नै नपाउने अवस्थाको सिर्जना हुनु दुःखद् भएको अर्थशास्त्री डा. भेषप्रसाद धमला बताउँछन्।

दलहरूले चित्त फराकिलो नबनाउँदा अहिलेको अवस्था आएको उनले बताए। 'राजनीति राजनीतिका लागि मात्रै भयो। दलहरूमा कुर्सीका लागि मात्रै लडाइँ गर्ने गलत थिति बस्यो,' धमलाले भने, 'अंकगणितका हिसाबले प्रदेश कठिन परिस्थितिमा थियो। तर, दलहरूबीच समझदारी हुन सकेन।' उनले दलहरूको सत्ता लुछाचुँडीको कोपभाजनमा पर्दा कोशी प्रदेशमा 'बजेट होलिडे'को संकट निम्तिएको बताए। दलहरू सचेत नभए आगामी दिनमा पनि यो अवस्था उत्पन्न हुने धमला बताउँछन्।

अध्यादेश निष्क्रिय भएका कारण अन्य ऐन र नियमावलीले व्यवस्था गरेको बाहेकका शीर्षकमा राजस्व संकलन एवं खर्च गर्न नपाइने प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार आम्दानी र खर्च गर्न नमिल्ने अवस्था नै बजेट शून्यता हो।

छुट्टै ऐन र नियमावलीमा उल्लेख भएको सवारीसाधन तथा सवारी चालक अनुमति पत्र (लाइसेन्स) दर्ता, नवीकरणलगायत भने रोकिँदैन। त्यसवापतको राजस्व संकलन गर्न मिल्छ। तर, मालपोत, वन जंगल, ढुंगा-गिटीलगायतका क्षेत्रबाट हुने राजस्व संकलनमा बाधा पुगेको छ।

सरकारका नाममा सर्वोच्च अदालतले अन्तरिम आदेश दिएपछि प्रदेशमा बजेट शून्यताको अवस्था आएको आर्थिक मामिला तथा योजना मन्त्री बाबुराम गौतम बताउँछन्। 'अहिले परिस्थिति निक्कै अप्ठेरो छ। प्रदेशमा बजेट शून्यताको अवस्था छ,' उनले भने, 'यसको अन्त्यका लागि बजेट ल्याउन मिल्छ कि मिल्दैन भनेर हामीलाई पनि थाहा भएन। त्यो कुरा सोध्न हामी सर्वोच्च जाने तयारीमा छौं।' अन्तरिम आदेशमार्फत सर्वोच्चले नीतिगत निर्णय नगर्न भनेकाले समस्या भएको मन्त्री गौतमको भनाइ छ।

गठबन्धनका तर्फबाट नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता उद्धव थापा गत साउन १६ गते कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए। अहिलेका मन्त्री गौतम सभामुखबाट राजीनामा दिएर सरकार गठनमा सहभागी भए। उपसभामुख सिर्जना दनुवार बिदामा बसेपछि भदौ ४ गतेको प्रदेशसभा बैठक अध्यक्ष मण्डलका सदस्य एवं कांग्रेसका प्रदेशसभा सदस्य इम्राइल मन्सुरीले सञ्चालन गर्नुपर्ने अवस्था आयो।

सभामुखको भूमिकामा रहेका मन्सुरीलाई समेत प्रयोग गरेर थापाले विश्वासको मत लिएका थिए। त्यसविरुद्ध एमाले प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सर्वोच्च अदालतमा रिट दायर गरे। थापाले लिएको विश्वासको मत संविधानसम्मत नभएको ठहर गर्दै सर्वोच्चले आदेश जारी गरेपछि उनी नेतृत्वको सरकार कामचलाउमा परिणत भएको छ। कुनै दीर्घकालीन र दूरगामी असर पर्ने निर्णय नगर्न पनि सर्वोच्चले सरकारका नाममा आदेश जारी गरेको छ।

अध्यादेशमार्फत आएको बजेटबारे कुनै छिनोफानो नगरी प्रदेश सरकारले चालू तेस्रो अधिवेशन भदौ ६ गते बुधबार अन्त्य गरेको थियो। अधिवेशन अन्त्य गर्दै अर्को अध्यादेशमार्फत बजेट ल्याउने तयारी गरिरहेका बेला सर्वोच्चको आदेशबाट सरकार नै कामचलाउमा परिणत भएको हो। सरकारले बजेट अध्यादेश ल्याउनै पाएन।

कोशीको ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ प्रदेशसभा सदस्य आवश्यक पर्छ। गठबन्धनसँग ४७ नै प्रदेशसभा सदस्य थिए। तर, एमालेबाट निर्वाचित उपसभामुख बैठक सञ्चालनको जिम्मेवारी नै कांग्रेसका प्रदेशसभा सदस्यलाई सुम्पिएर बिदा बसिन्। त्यसले गर्दा मुख्यमन्त्री थापाले विश्वासको मत लिनलाई असंवैधानिक बाटो रोज्नुपर्ने अवस्था आयो। कानुनी विवादमा परेको विश्वासको मतसँग सम्बन्धित मुद्दा सर्वोच्च पुगेपछि भने प्रदेशले 'बजेट होलिडे'को सामना गर्नुपर्ने अवस्था उत्पन्न भएको हो।

राप्रपाको भर पाएको गठबन्धनलाई अदालतको डर

झापा(प्रस) । कोशी प्रदेशमा सरकार बनाउन र टिकाउन सकस खेपिरहेको सत्ता गठबन्धनले आइतबार थोरै भए पनि सन्तोषको सास फेर्न पाएको छ । यद्यपि जम्मा एक जना सांसद अभावले बारम्बार तनाव खेपिरहेको सत्ता गठबन्धनले ६ जना सांसद भएको राप्रपाको साथ पाउने निश्चित हुँदा पनि अहिलेकै सरकारले निरन्तरता पाउने हो कि संविधानको धारा १६८ को उपधारा ५ सम्म कुर्नु पर्ने भन्ने अन्योल बाँकी नै छ ।

उपधारा ५ मा प्रदेश सभामा बहुमत जुटाउन सक्ने प्रदेश सभा सदस्यले मुख्यमन्त्री दाबी गर्न सक्ने प्रावधान छ । अहिले मुख्यमन्त्री उद्धव थापाले नेतृत्व गरेको सरकार संविधानको सोही धाराको उपधारा २ बमोजिम गठित सरकार हो । यो उपधारामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा मुख्यमन्त्री नियुक्त हुने प्रावधान छ ।सर्वोच्च अदालतमा कोशी प्रदेश सरकारबारेको मुद्दा विचाराधीन छ । भदौ १५ गतेलाई पूर्ण सुनुवाईको मिति सर्वोच्चले तोकेको छ । मुख्यमन्त्री थापाले भदौ ४ मा विश्वासको मत लिने क्रममा प्रदेश सभा बैठकको अध्यक्षता गरेका सांसद इम्राइल मन्सुरीले पनि मतदान गरेपछि मुख्य विपक्षी एमाले सर्वोच्च अदालत गएको थियो ।

मुख्यमन्त्रीले लिएको विश्वासको मत संविधानसम्मत नभएको भन्दै एमालेले संविधानको धारा १६८ को उपधारा ३ बमोजिम हिक्मत कार्कीको नेतृत्वमा सरकार बनाउन परमादेश मागेको छ । उपधारा ३ मा प्रदेश सभाको सबैभन्दा ठूलो दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने विषय उल्लेख छ । प्रदेशको सबैभन्दा ठूलो दल नेकपा एमाले हो । एमालेका उपसभामुखसहित ४० सांसद छन् ।बिहीबार सर्वोच्च अदालतले मुख्यमन्त्रीले लिएको विश्वासको मत संविधानसम्मत नदेखिएको भन्दै दीर्घकालीन निर्णय लिन रोक लगायो । न्यायाधीश ईश्वर खतिवडाको अन्तरिम आदेशसँगै कोशी सरकार कामचलाउ हैसियतमा खुम्चिएको छ । यस्तो अवस्थामा कोशी सरकारले फेरि विश्वासको मत लिने अवसर पाउला कि संविधानको धारा १६८ को उपधारा ३ बमोजिमको सरकार बन्ला भन्ने अन्योल प्रदेशका नेताहरुमा देखिन्छ ।

सत्ता गठबन्धनका नेताहरु अहिलेकै सरकारले फेरि विश्वासको मत लिन पाउने दाबी गरिरहेका छन् भने सरकारविरुद्ध सर्वोच्चमा पैरवी गरिरहेका कानुन व्यवसायीहरु भने उपधारा ३ अनुसार सरकार बन्ने बताइरहेका छन् । अदालतमा विचाराधीन मुद्दाकै कारण गठबन्धनलाई सघाउने राप्रपासँगको पछिल्लो सहमतिले सत्ता गठबन्धनमा उत्साह संचार गराउन सकेको छैन । 'समय बितिसकेपछि राप्रपाले निर्णय गरेको' भन्दै गठबन्धनका केही नेता असन्तोष जनाइरहेका छन् भने केही नेताहरु भने अब अहिलेकै गठबन्धन पूरा समय टिक्ने आत्मविश्वास प्रकट गरिरहेका छन् । 'सर्वोच्च अदालतले मुख्यमन्त्रीले लिएको विश्वासको मत संविधानसम्मत नभएको भनेपछि हामी त्यसलाई मान्छौं, मानेकै छौं', माओवादी केन्द्र कोशी प्रदेशका नेता इन्द्र आङ् बोले भने 'तर, त्यो दिन बैठक छल्न भाग्ने उपसभामुख र ज्येष्ठ सदस्यहरुका कारण गठबन्धन त्यस्तो अवस्थामा पुगेको हो । उपसभामुख र ज्येष्ठ सदस्यहरुले संवैधानिक दायित्व निर्वाह नगरेका कारण अदालतले उहाँहरुलाई त्यो दायित्व पूरा गर्न भन्नेछ र हामी फेरि विश्वासको मत लिन पाउनेमा ढुक्क छौं ।'

मुख्यमन्त्रीले विश्वासको मत लिने दिन मुख्य विपक्षी एमालेले उपसभामुख सृजना दनुवारसहित बैठकको अध्यक्षता गर्न सक्ने आठ जना ज्येष्ठ सदस्यलाई एकैपटक अनुपस्थित गराएको थियो । त्यसैका कारण सभाध्यक्ष मण्डलका इम्राइल मन्सुरीले अध्यक्षता गरेका थिए । उनले मतदान गर्ने बेलामा सभाध्यक्ष मण्डलकै अर्की सदस्य गीता तिम्सिनाले बैठकको अध्यक्षता गरेकी थिइन् ।'अदालतको अन्तिम फैसला हामी कुरिरहेका छौं', नेता आङ्बोले भने 'तर, संवैधानिक दायित्व निर्वाह गर्न भन्दै उपसभामुखलाई सर्वोच्चले भन्ने र उहाँले बैठक चलाएर फेरि विश्वासको मत पाउनेमा गठबन्धन विश्वस्त छ ।' राप्रपाको साथ थपिएपछि सरकार पूरा अवधि टिक्ने पनि उनले बताए ।

यद्यपि एमाले नेता हिक्मतकुमार कार्कीको रिटको पक्षमा सर्वोच्चमा बहस गरिरहेका वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई भने एकै व्यक्तिले पटक-पटक विश्वासको मत लिन नपाउने बताउँछन् । 'उपधारा ३ मा विषय जान्छ कि जाँदैन भन्ने हो', भट्टराईले भने 'अदालतले ३ मा जान पर्दैन भनेको अवस्थामा फेरि विश्वासको मत लिनुपर्ने हुनसक्छ । तर, त्यस्तो सम्भावना छैन । किनभने एउटै व्यक्तिले पटक-पटक विश्वासको मत लिने अवसर पाउँदैन । एकपटक लिएपछि सकियो ।'

वरिष्ठ अधिवक्ता भट्टराईले मुख्यमन्त्री थापाले लिएको विश्वासको मतबाट दुई मत बदर भएर संख्या ४५ मा झर्ने पनि दाबी गरे । उनले बैठकको अध्यक्षता गरेका सांसद मन्सुरी र तिम्सिनाको मत गणना गर्न नमिल्ने बताए । यसरी दुवै पक्षले आ-आफ्नो अनूकुलतामा व्याख्या गरिरहे पनि प्रदेशका सत्ता गठबन्धनकै केही नेताहरु भने राप्रपाको साथले उपधारा ५ अनुसारको भए पनि गठबन्धनको सरकार ढुक्कले बन्ने अवस्था आउने बताउँछन् ।

'अदालतले उपधारा ३ अनुसार एमालेकै सरकार बनाइदियो भने पनि त्यो ३० दिनभन्दा बढी टिक्दैन', गठबन्धनका एक नेताले भने 'त्यसपछि उपधारा ५ मा गठबन्धनले आरामले सरकार बनाउनेछ ।' यदि आइतबार गठबन्धन र राप्रपाबीच भएको सहमतिमा कुनै नाटकीय फेरबदल नभए राप्रपा अब सत्ता गठबन्धनमै सामेल हुनेछ । यसको अर्थ राप्रपाले एमालेको साथ प्रदेशमा छाड्नेछ । तर, राप्रपा प्रदेशका नेता भक्तिप्रसाद सिटौलाले भने कुनै पनि सहमति कसैसँग नभएको बताएका छन् ।

'हामी अहिले एउटा गठबन्धनमा छौं, अर्को भरपर्दो आधार खडा नहुन्जेल नयाँ गठबन्धनमा सामेल हुने कुरा हुँदैन', सिटौलाले भने 'अहिलेसम्म त्यस्तो केही सहमति भएको छैन । अध्यक्ष राजेन्द्र लिङ्देन मुलुकबाहिर हुनुहुन्छ । उहाँ आएपछि मात्रै प्रष्ट हुनेछ ।'पार्टीको धेरै जना केन्द्रीय प्रवक्तामध्येका एक सिटौलाले यसो भने पनि आइतबार काठमाडौंमा पूर्वाधार विकास समितिको सभापति र कोशीको सभामुख लिने शर्तमा राप्रपाले सत्ता गठबन्धनलाई सघाउने सहमति भएको छ । सोही सहमति अनुसार पूर्वाधार विकास समितिमा मकवानपुरबाट निर्वाचित सांसद दीपक सिंहले उम्मेदवारी दर्ता गरिसकेका छन् । यो समिति माओवादीको भागमा परेको थियो ।

यसअघि प्रदेश र संघीय सरकारमै भाग दिने वचन गठबन्धनले दिँदा पनि कोशीमा साथ दिन राप्रपा राजी भएको थिएन । असार २१ मा उद्धव थापा पहिलोपटक प्रदेशको मुख्यमन्त्री नियुक्त हुँदा होस् अथवा साउन १६ मा दोस्रोपटक उही जिम्मेवारी सम्हाल्दा नै किन नहोस्, सत्ता गठबन्धनले राष्ट्रिय प्रजातन्त्र पार्टी फकाउन भगिरथ प्रयत्न गरेको थियो । यद्यपि गठबन्धनलाई दुवैपटक राप्रपाले साथ दिएन । ९३ सदस्यीय प्रदेशसभामा बहुमत जुटाउन ४७ सांसद चाहिन्थ्यो । गठबन्धनलाई त्यो संख्या पुर्याउन सभामुखलाई समेट्नै पर्ने बाध्यता थियो । परिणामस्वरुप थापाले पहिलोपटक सभामुख बाबुराम गौतमलाई समर्थनको हस्ताक्षर गर्न लगाएर मुख्यमन्त्रीको पद हात पारे । त्यसलाई सर्वोच्च अदालतले असंवैधानिक भन्दै उनलाई पदमुक्त गरिदियो । दोस्रोपटक नियुक्त भएर विश्वासको मत लिँदा पनि बैठकको अध्यक्षता गर्ने सांसदले मतदान गरेकै कारण विश्वासको मतको वैधानिकता जोखिममा परेको छ ।

झापामा डकैती गरी फरार दुई पक्राउ

झापा(प्रस) । झापामा चोरी डकैती गरी फरार दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा मेचीनगर नगरपालिका वडा नं. ११ घर भई हाल वडा नं. ७ करुणावस्ती बस्ने २४ वर्षिय भुन्टे भन्ने बुद्धबहादुर कार्की र सोही ठाउँका २९ वर्षिय शंकर राजवंशी रहेका छन् । जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले सोमवार दुवैलाई पक्राउ गरेको हो । झापा जिल्ला अदालतको गत जेठ २१ गतेको फैसला अनुसार चोरी तथा डाँका सम्बन्धी कसुर मुद्दामा उनीहरुलाई जनही ३८ दिन कैद, रु.८ हजार जरिवाना र रु.३२०।- प्रतिवादीले पीडित राहतकोषमा जम्मा गर्नुपर्ने सजाय सुनाइएको थियो ।

दुवैलाई झापा जिल्ला अदालतमा उपस्थित गराइ अदालतको आदेशले कैद भुक्तानको लागि झापा कारागार पठाइएको डीएसपी खगेन्द्रप्रसाद रिजालले बताए ।

बिर्तामोडमा साइकलबाट लडेर एकजनाको मृत्यु

झापा(प्रस) । बिर्तामोडको मुक्ति चौक छेउमा रहेको प्रसाई सुपर मार्केटअगाडि साइकलबाट लडेर एक व्यक्तिको मृत्यु भएको छ ।

सोमवार बिहान ढलभित्र मृत अवस्थामा भेटिएका उनको साइकलबाट लडेर मृत्यु भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सुरज कार्कीले बताए । उनको टाउकोमा चोट लागेको छ ।घटनास्थलमा उनले प्रयोग गरेको साईकल भेटिएको छ । अन्दाजी ३५ वर्षको मधेसी समुदायको जस्तो देखिने मृतकको पहिचान नखुलेको डीएसपी कार्कीले जानकारी दिए ।साइकलबाट लडेर ढलमा उनको मृत्यु भएको सीसीटीभी फुटेजमा स्पष्ट देखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्रप्रसाद रिजालले बताए । राति लडेर मृत्यु भएका ती व्यक्तिको शवलाई बिहान ५ बजे स्थानीयले देखेको रिजालले जानकारी दिए । शवलाई बिहान ७:५० बजे कानुनी प्रक्रिया पुरा गरी पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

राजविराज...

नगरप्रमुख भिमराज यादवमाथि विशेष अदालतमा आरोपपत्र दायर गरेपछि भिमराज निलम्बित भएका थिए।

पदभार ग्रहण गरेको दुई महिना नपुग्दै ०७९ असार २९ गते राजविराज नगरपालिकाका नगर प्रमुख भिमराजमाथि आयोगले मुद्दा दायर गरेको थियो। गत साउन ३२ गते विशेष अदालतले भिमराजमाथिको आरोपमा दोषी ठहर गर्दै जरिवाना गरेको छ।

यस्तै शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्ता र इञ्जिनियर रामचन्द्र साहविरुद्ध फागुन १७ गते अख्तियारले भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। अख्तियारले एक लाख ४० हजार रुपैयाँ घुस लिएको भन्दै प्रमुख गुप्ता र सोही नगरपालिकाका इञ्जिनियर साहविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

विद्यालयको सभाकक्ष निर्माणको अन्तिम बिल भुक्तानी गर्न सेवाग्राहीबाट घुस लिएको अवस्थामा गत माघ ३ गते इञ्जिनियर साह कार्यकक्षबाटै पक्राउ परेका थिए।

आयोगका प्रवक्ता दाहालले नगरप्रमुख गुप्ता र इञ्जिनियर साहबीचको आपसी योजना तथा मिलोमतोमा घुस रकम लिएको पुष्टि भएको दावी गरेका छन्। उनीहरूलाई कैद र बिगोबमोजिम जरिवानाको मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेपछि गुप्ता पनि निलम्बनमा परेका छन्।

स्थानीय तह २०७४ को निर्वाचनमा झिनो मतान्तरले पराजित उमेश, भिमराज र गुप्ता २०७९ को निर्वाचनमा नगर प्रमुखमा निर्वाचित भएका थिए। उमेश र भिमराज यादव जसपा नेपालबाट र गुप्ता नेकपा एकीकृत समाजवादीबाट निर्वाचित भएका हुन्।

डिभिजन वन कार्यालय,झापा
भद्रपुर, झापा

मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०।०५।११)

यस कार्यालयको लागी आ.व. २०८०।०८१ मा आवश्यक पर्ने सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, फर्म एवं संस्थाहरूबाट सार्वजानिक खरिद नियमावलि, २०६४ को नियम १८ अनुसार मौजुदा सुचि दर्ताको लागी सोहि नियमावलीको अनुसुची-२ क बमोजिमको ढाँचामा यस कार्यालयमा सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र दर्ता गराउनु हुन यो सुचना प्रकाशन गरिएको छ । आफुले गर्न चाहेको कार्यको लागी बिषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ।रित नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरू सुचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

आवश्यक सेवाहरूः

१. मसलन्द तथा कार्यालयका सामनहरू, कम्प्युटर, प्रिन्टर, फोटोकपि, क्यामेरा तथा इलेक्ट्रोनिक्स सामान, पाटपुर्जा, टोनर, मसि सप्लाई तथा मर्मत, इलेक्ट्रिकल सामानहरू तथा मर्मत, वन व्यवस्थापन तथा अग्नि नियन्त्रण सम्बन्धि सामाग्रीहरू तथा मर्मत, सोलार फेन्स/अफसेट सोलार फेन्स निर्माण तथा मर्मत सम्बन्धि सामाग्री तथा सेवाहरू, वन्यजन्तु नियन्त्रणका लागी प्रयोग हुने सामाग्रीहरू, मर्मत तथा सेवा, छपाई सम्बन्धि कार्य, फर्निचर तथा फर्निसिङ्ग र मर्मत, दुई तथा चार पाङ्ग्रे सवारि साधान आपुर्ति तथा मर्मत, सवारि साधनको पार्टपुर्जा, सवारि साधन भाडामा लिने सम्बन्धि कार्य, सरसफाई लगायत अन्य मर्मत कार्यका सामाग्रीहरू तथा सेवा लगायतका कार्यालयलाई आवश्यक सम्पुर्णा सामाग्री तथा सेवाहरू

२. पत्रपत्रिका आपुर्ति तथा विज्ञापन र सुचना प्रकाशन सम्बन्धि कार्यहरू

(नोटः यस कार्यालयमा तोकिएको समय सिमा भित्र सुचिकृत भई कार्यालयको आधिकारीक पत्र र सुचना सहित छापिएका सुचनाहरू मात्र यस कार्यालयबाट भुक्तानी गरिने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।)

निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरूः

१. संस्था दर्ता र नविकरण भएको प्रमाणपत्रको छायाँप्रति
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति
३. मु.अ. कर दर्ताको प्रमाणपत्रो छायाँप्रति
४. आ.व. २०७९।०८० को कर चुक्ता वा म्याद थप प्रमाणपत्रको छायाँप्रति
५. प्रचलित कानुन बमोजिम अयोग्य नभएको तथा कालो सुचिमा नपरेको व्यहोरा खुलाएको स्वः घोषणा
६. व्यवसायिक इजाजत पत्रको छायाँप्रति
७. पत्र पत्रिकाको हकमा वर्ष भरि नै प्रकाशित हुने व्यहोरा खुलाएको स्वः घोषणा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

धार्मिक सहिष्णुताको खाँचो

गोवधको विरोध गर्दै इटहरीपछि अन्यत्र पनि विरोध ज्यालीहरु निस्किन थालेका छन् । यसले कतै साम्प्रदायिक दंगाको रूप त लिने होइन भनी चिन्ता जाहेर हुनु स्वाभाविकै हो । किनकि, नेपाल विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बी एकआपसमा एउटै समाज निर्माण गरेर बसेको एक विशष्ट नेपाली सामूहिक समाज हो । नेपालमा पाइने सामाजिक सद्भाव र आपसी मेलको संसारमा जहाँ पनि मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । यथार्थता यही हो पनि । एउटा जातले अर्को जातको, एक धर्मावलम्बीले अर्को धर्मको र एकभाषीले अर्काको भाषाको र एक भेषभूषाले अर्को भेषभूषाको सराहना मात्र होइन, सरसहयोग र धारण पनि गर्ने गरेका छन् । नेपाली विशिष्टतामा विकास हुन गएको यस सामाजिक परिवेशमा यदाकदा हुने केही अतिका कुरा पनि नेपालीले एकापसमा महसुस गरेर आपसी हितका लागि एकअर्कालाई अंकमाल गर्ने गरिरहेका छन् । एकअर्काको पर्व तथा परम्परा नेपालीबिच सामूहिक पर्व तथा परम्पराका रूपमा विकास भएको छ । यो नेपालीहरूको आत्मानुभूति हो । देखावटी वा देखासिकी दुवै होइन ।

नेपालमा बसेका हरेक नेपालीको आआफ्नै विशिष्ट महत्व पनि छ । सामूहिक स्वत्व र दायित्व पनि छ । यही कुराले नेपालीलाई वास्तवमा नेपाली बनाएको छ । नेपाललाई पुण्यभूमि, तपोभूमि, बुद्ध भूमि आदि जे भने पनि आखिर सबैको साझा र प्राकृत भूमि हो । यहाँ विभिन्न वंश, नश्ल, प्रजातिका मानिस बसोबास गर्दै आएका र कालान्तरमा आएर उनीहरूबिच भावनात्मक रूपमा आपसी मेल र नश्लीय रूपमा समिश्रण हुँदै नेपाली जाति बन्दै आएको छ । यसको एक बलियो आधार अहिलेसम्म आइपुग्दा सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा पनि निर्माण हुँदै गइरहेको छ । शंकर हिमाली देश नेपालका हुन् । बुद्ध नेपालका हुन् । जनक नेपालका हुन् । सीता, भृकुटी नेपाली चेली मान्यताका हिसाबले नेपाली समाज यति धेरै सहिष्णु र सम्मिश्रित छ कि 'ईश्वर अल्लाह तेरे नाम, सबको जन्म दिने भगवान्' भनेर शुभ बिहानीमा भजन बजिरहेको हुन्छ । यसमा कसैको पनि आपत्ति छैन, बरु बेसी नतमस्तक छन् । विविधता नेपालीको एकता र पहिचान बनिसकेको छ ।

पछिल्लो समयमा ुत गतिमा विकास भएको सञ्चार प्रविधिले नेपालमा विविधतामा रहेका सबैलाई प्रभाव पारिरहेको छ । तर, सामाजिक सञ्जालमा प्रवाहित कुरालाई लिएर नेपालीको आम धारणा भने बन्ने र बनाइने गरिनु हुँदैन ।

गौरवका आयोजनाको भविष्य

डा. सुरेश आचार्य

राष्ट्रिय गौरवका आयोजनाको सुरुको लागत बढेर झन्डै तेब्बर हुन लागेको छ । राष्ट्रिय योजना आयोगको अघिल्लो वर्षको तथ्याङ्क अनुसार, राष्ट्रिय गौरवका आयोजनाको सुरुको लागत १० खर्ब ४६ अर्ब रुपियाँ थियो । यी आयोजनाको हरेक पटक म्याद सकिएपछि थप्दै जाने होडबाजीमा हरेक सरकार रहे । ठेकेदारका लागि कोभिड महामारी सुनौलो अवसर बन्यो । सरकारले म्याद थप्दै गर्दा कारण कोभिड मात्र हो वा अरू नै थियो भनेर पुष्ट्याइँ खोजेन । फलस्वरूप आयोजनाको लागत निरन्तर बढ्दै गयो । आर्थिक वर्ष २०७८/७९ सम्म यी आयोजनाको कुल लागत २५ खर्ब ९७ अर्ब ५६ करोड रुपियाँ पुगेको छ ।

सरकारले पहिलो पटक आर्थिक वर्ष २०६८/६९ मा १७ वटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरेको थियो । राष्ट्रिय गौरव भनिएका आयोजना सरकारका प्राथमिकता र चासोका आयोजनाका रूपमा व्याख्या गरिएको हो । स्रोत विनियोजनमा प्राथमिकता दिई स्रोतको अभाव हुन नदिने र व्यापक अनुगमन गरेर कार्यान्वयनमा तीव्रता दिने लक्ष्यसहित यी आयोजना अगाडि बढेका थिए । आयोजनाले भोगेका समस्या समाधानमा उदासीनता र दण्डहीनता बढ्दै जाँदा आयोजना कार्यान्वयन चुनौतीपूर्ण बन्दै गएको छ । सरकारले पछिल्लो चार वर्षमा औसत वार्षिक ७५ अर्ब रुपियाँभन्दा बढी यी आयोजनाका लागि खर्च गरिरहेको छ । आयोजनाको गति भने अपेक्षाभन्दा धेरै सुस्त छ ।

सरकारले घोषणा गरेका यी आयोजनामध्ये तीन वटा सुरु नै भएका छैनन् । बुढीगण्डकी जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल अहिलेसम्म भौतिक रूपमा अगाडि नै बढेका छैनन् । बुढीगण्डकी आयोजनाका लागि नागरिकसँग कर उठाएर बसेको सरकार अहिले पनि मुआब्जामा नै अल्झिएको छ । पश्चिम सेती १९९५ मा सुरु भएको आयोजना हो तर यसमा लगानीका लागि चासो राख्ने अनेकौं कम्पनी फिर्ता भइरहेका छन् । दुई खर्ब ७३ अर्ब ८५ करोड लागत अनुमान गरिएको यो आयोजनाका लागि सरकारले अहिलेसम्म अर्को लगानीकर्ता फेला पार्न सकेको छैन ।

नेपालमा छ वटा राष्ट्रिय गौरवका सिँचाइ आयोजना छन् । यीमध्ये सुनकोशी मरिण डाइभर्सन आयोजना सबैभन्दा पछि थपिएको गौरवको आयोजना हो । नयाँ आयोजना भएका कारण पनि यसमा रफ्तारका साथ काम भइरहेकै छ । अरू आयोजनाका तुलनामा यसको प्रगतिबारे टिप्पणी गर्नु न्याय नहुन सक्छ । महाकाली सन्धि अनुसार महाकाली सिँचाइ आयोजनाको भारतले नेपाली सिमानासम्म बनाउनुपर्ने एक हजार दुई सय मिटर मुल नहर निर्माण गर्न दुई दशकसम्म आनाकानी गरेको थियो । गत वर्षदेखि काम थालेको भारतीय पक्षले अहिले भने काम सकिसकेको छ । नेपालले आफूले बनाउनु पर्ने नहरमध्ये डेढ दशकमा २५ किलोमिटर मूल नहर पनि तयार गर्न सकेको छैन ।

सुदूरपश्चिमाञ्चल प्रदेशको कञ्चनपुरका जमिनमा महाकाली क्षेत्रको पानीले सिँचाइ हुन अपेक्षाका साथ कैलाली जिल्लाका लागि रानीजमरा कुलरीया सिँचाइ आयोजनाले परापूर्व कालदेखि सञ्चालित रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको पुनर्निर्माणका साथै सञ्चित क्षेत्र विस्तार गर्ने उद्देश्य राखेको छ । टीकापुरमा अवस्थित यो आयोजनामा नहरको पानीको स्रोत कर्णाली नदीको पश्चिम भङ्गालो (झरही नाला) रहेको छ । यसले कैलाली जिल्लाको तत्कालीन ८ गाविस र एक नगरपालिकाको करिब ११ हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ भने यो आयोजना सम्पन्न भएसँगै करिब २० हजार तीन सय हेक्टर जमिनमा व्यवस्थित सिँचाइको विस्तार गर्ने लक्ष्य राखिएको छ । आव २०६४/६५ मा सुरु भएको यो आयोजना आव २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको थियो । सुरुमा यस आयोजनाको कुल लागत रु. १२ अर्ब ६३ करोड थियो । निर्धारित समयमा यो आयोजना सम्पन्न हुन नसकेपछि २७ अर्ब ५२ करोड लागत पु-याएर आव २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

बबई सिँचाइ आयोजना सबैभन्दा बदनाम बनेको छ । यो आयोजना सुरु भएको साढे तीन दशक भइसकेको छ । तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्र (हालको लुम्बिनी प्रदेश) को बर्दिया जिल्लामा अवस्थित यस आयोजनाबाट बर्दियाको करिब ३६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पु-याउने अनुमान गरिएको छ । यो आयोजना नेपाल सरकारको आफ्नै स्रोतबाट सञ्चालन भइरहेको छ । आयोजनाको सुरु कुल लागत रु. दुई अर्ब ३० करोड रहेकोमा यस आयोजनाको संशोधित लागत पहिलो पटक रु. सात अर्ब ६७ करोड पु-याइयो । निर्धारित समयमा काम नभएको यो आयोजना आव २०७४/७५ मा सम्पन्न हुने अपेक्षाका साथ अर्को पटक लागत रु. ११ अर्ब ६३ करोड पु-याइयो । आयोजना सम्पन्न हुन सकेन ।

२०४४/४५ सालमा सुरु भएको आयोजनाको म्याद पटक पटक थपेर अहिले यस सिँचाइको लागत १८ अर्ब ९६ करोड पु-याइएको छ र २०८२/८३ मा सक्ने लक्ष्य राखिएको छ । अझै पनि यो आयोजना समयमा सम्पन्न हुने सम्भावना कम छ । राष्ट्रिय गौरवका आयोजनामध्येको यो सबैभन्दा ठुलो सेता हात्ती हो । निर्माण अवधि चार दशक र लागत दस गुणा बढी हुँदै गरेको आयोजनाबाट कस्तो प्रतिफल निस्केला ? राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको डेढ दशकमा पनि पूरा हुने अवस्था नहुनमा को जिम्मेवार छ ? कसले यसको जवाफदेहिता लिने ?

मध्यपश्चिम अर्थात् लुम्बिनी प्रदेशकै अर्को जिल्ला बाँकेमा अवस्थित कृषियोग्य भूमिमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालित सिक्टा सिँचाइ आयोजनाबाट जिल्लाका तत्कालीन ४१ वटा गाविस, नेपालगन्ज उप-महानगरपालिका र कोहलपुर नगरपालिकासमेत गरी ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुग्ने अपेक्षा गरिएको छ । यो आयोजना पनि नेपाल सरकारको आफ्नै स्रोतबाट सञ्चालन भइरहेको छ । आयोजनाको सुरु लागत अनुमान रु. १२ अर्ब ८० करोड रहेकोमा हाल संशोधित लागत अनुमान रु. २५ अर्ब दुई करोड पुगेको छ । आव २०६१/०६२ मा सुरु भई २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएका आयोजना अवधि आव २०७६/७७ सम्म थप गरियो तर परिणाम भने देखिएन ।

पछिल्लो पटक आयोजनाले सम्पूर्ण काम पूरा हुन थप ११ वर्ष लाग्ने भन्दै यसको लागत पनि ५० अर्ब देखि ५३ अर्ब लाग्ने प्रस्ताव तयार गरेको छ । यो प्रस्ताव स्वीकार गर्ने हो भने डेढ दशकको अवधिमा चार गुणा लागत बढ्ने छ । एउटा यो आयोजनामा मुख्य नहर र एउटा सहायक नहर निर्माण सम्पन्नको चरणमा पुगेका छन् । अरू पाँच वटा नहर निर्माणाधीन छन् । अर्को एउटा नहरको काम सुरु भएकै छैन । आयोजनामा व्यापक भ्रष्टाचार भएको भनेर अख्तियारले पाँच वर्षअघि हालेको मुद्दामा विशेष अदालतले आयोजनाका ठेकेदार तथा पूर्वमन्त्री विक्रम पाण्डेसहित २१ जनालाई दोषी ठहर गरेको छ । २०३२ सालदेखि सम्भाव्यता अध्ययन भएर २०६२ मा सुरु भएको सिक्टा कहिल्यै पूरा नहुने आयोजनाका रूपमा बदनाम गौरवको आयोजना हो ।

सिँचाइसँगै जोडिएको भेरी बबई डाइभर्सन आयोजना ऊर्जा, सिँचाइ, सहरी विकास र जलाधार संरक्षणमा एकसाथ योगदान दिने उद्देश्यले कार्यान्वयन भइरहेको छ । यो बहुउद्देश्यीय आयोजनाको कार्यान्वयन स्थल तत्कालीन मध्यपश्चिम हालको कर्णालीको सुर्खेत र लुम्बिनी प्रदेशमा पर्ने बर्दिया र बाँके जिल्ला हुन् । सुर्खेत जिल्लाको छिन्चु जाजरकोट सडक खण्डको चिप्ले भन्ने ठाउँमा करिब १५ मिटर अग्लो बाँध बाधी भेरी नदीको ४० घनमिटर प्रतिसेकेन्ड पानीलाई चुरे क्षेत्रमा पर्ने १२ किमी लामो सुरुङ, नेपालमै पहिलो पटक टनेल बोरिङ मेसिनमार्फत निर्माण गरी बबई नदीमा पानीको प्रवाह बढाउने कार्यक्रम रहेको छ । यसले पूर्वपश्चिम राजमार्गको बबई नदीमा अवस्थित बाँधको उपयोग गर्दै बाँके र बर्दिया जिल्लाको करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य राखेको छ ।

यस क्रममा उपलब्ध हुने करिब १५० मिटर हेडको सदुपयोग गर्दै नियमित रूपमा ४८ मेगावाट जलविद्युत् उत्पादन गरी देशको ऊर्जा सङ्कट कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षासमेत गरिएको छ । यसै गरी कृषकको आयमा वृद्धि तथा सिञ्चित क्षेत्रबाट प्रति हेक्टर प्रति वर्ष ७२ श्रम दिन बराबर रोजगारी सिर्जना भई गरिबी निवारणमा समेत टेवा पु-याउने अनुमान छ ।

यो आयोजना आव २०६८/६९ मा सुरु भएको र आव २०७७/७८ मा सकिने अनुमान गरिएको थियो । यो आयोजनाको कुल लागत रु. १६ अर्ब ४३ करोड अनुमान गरिएको थियो । संशोधित समय तालिका आनुसार आव २०७९।०८० मा सम्पन्न गर्ने लक्ष्यका साथ संशोधित गुरुयोजना अनुसार लागत अनुमान ३६ अर्ब ८० करोड पुगेको छ । यसमध्ये भेरी बबई डाइभर्सन तर्फ ३३ अर्ब १९ करोड र भेरी करिडोर विकास आयोजना तर्फ तीन अर्ब ६१ करोड छुट् याइएको छ । यसबिचमा इरानको परामर्शदाता कम्पनी 'महब घोड्स कन्सल्टिङ इन्जिनियरिङ (एमजिसिई) सँगको सम्झौता गत माघ ९ गतेदेखि लागु हुने गरी रद्ध भएपछि सरकार नयाँ परामर्शदाताको खोजीमै छ । अमेरिकाको कोष विभाग अन्तर्गत विदेशी सम्पत्ति नियन्त्रण कार्यालयले एमजिसिईलाई कालो सूचीमा राखेपछि भेरी-बबई योजनासँग भएको सम्झौता रद्ध गर्नुपरेको हो ।

आयोजनाले अहिलेसम्म ५९ प्रतिशत मात्र प्रगति हासिल गरेको छ । अहिले भेरी नदीमा बाँध बनाउने, विद्युत् गृह निर्माण, हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलसम्बन्धी काम भइरहेका छन् । हाइड्रो मेकानिकल अन्तर्गत गेट र पेनस्टक पाइप निर्माण, इलेक्ट्रो मेकानिकलको टर्बाइन, जेनेरेटर, स्विचयार्ड डिजाइन गर्ने काम पनि भइरहेको छ । यसै पनि काम ढिला भइरहेकोमा अहिले नयाँ समस्या आएको र अझै ४० प्रतिशत काम बाँकी भएकाले अरू कति वर्ष कुर्नुपर्ने हो र कति लागत बढ्ने हो ? अनुमान गर्न कठिन भएको छ ।

बबई र सिक्टा मात्रले बाँके बर्दियाका ७९ हजार हेक्टरमा सिँचाइ पु-याउने अनुमान हो भने डाइभर्सन आयोजना अन्तर्गत थप ५२ हजार हेक्टर थपिँदा यस क्षेत्रका एक लाख ३० हजारभन्दा बढी जमिन सिञ्चित हुनुपर्ने हो तर किसानले बाढी र खडेरी बेहोर्दै जाने तर सरकारले आयोजनाका म्याद र बजेट थप्दै जाने दुश्चक्रको अन्त्य अहिलेसम्म हुन सकेको छैन । मूलतः लुम्बिनी प्रदेश केन्द्रित पछिल्ला तीन आयोजनाले राष्ट्रिय गौरवका आयोजनाको हुर्मत मात्र लिएका छैनन्, नेपालको सिँचाइ व्यवस्थामा राज्यको चासो र चिन्तालाई राम्रैसँग नङ्ग्याएका छन् ।

लोकतन्त्र कि लुटतन्त्र ?

• डा. रोहितकुमार श्रेष्ठ

लोकतन्त्रको सर्वमान्य परिभाषा छैन। त्यसैले यसको परिभाषा गर्नु कठिन काम हो। अब्राह्म लिंकनका अनुसार ' लोकतन्त्र जनताको, जनताका लागि र जनताद्वारा गरिने शासन हो।' त्यसरी नै एरिस्टोटलले लोकतन्त्रलाई 'राज्यको बहुसंख्यक जनताको शासन हो' भनेर परिभाषित गरेका छन्। २०७२ सालको संविधानअनुसार नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था छ।

भ्रष्टको अर्थ दूषित, अपवित्र, गिरेको तथा बिग्रेको भन्ने बुझिन्छ। आचारको अर्थ हुन्छ- कुनै नियम, सिद्धान्त आदिको आधारमा पालना गरिने व्यवहार, चरित्र वा आचारण। अतः भ्रष्टाचारको शाब्दिक अर्थ बिग्रेको व्यवहार हो । सोअनुरूप हाम्रो देशमा भ्रष्टाचार निवारण ऐन, २०५९ को व्यवस्था रहेको छ। संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र कार्यपालिकाअन्तर्गत प्रधानमन्त्री कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गरिएको छ। त्यसरी नै केन्द्रीय अनुसन्धान ब्युरो अर्को महत्वपूर्ण निकाय हो।

कानुनी व्यवस्था जे जस्तो भए पनि स्वतन्त्र र संवैधानिक आयोगले स्वतन्त्र, निष्पक्ष र स्वच्छ ढंगले आफ्नो कर्तव्य र उत्तरदायित्व निर्वाह गर्न नसकेको आमगुनासो छ। यसको प्रमुख कारण राजनीतिक प्रभाव र दबाब नै हो कि ? अर्कोतिर आयोगमा आयुक्तहरूको नियुक्ति स्वच्छ र निष्पक्ष हुनुपर्नेमा त्यसो नगरी राम्रालाई नभएर हाम्रालाई गर्ने चलन छ। यसो हुँदा आयुक्तहरू आयोगमा स्वतन्त्र र निष्पक्ष ढंगले कर्तव्य निर्वाह गर्न सक्दैनन्। बरु नियोक्ताप्रति बफादार हुनुपर्ने अवस्था आउन सक्छ। त्यसैले आयोगले साना माछा वा खरिदार र सुब्बालाई मात्र समाप्ने र ठूला माछा खासगरी राजनीतिक व्यक्तिहरूलाई कानुनी दायरामा नल्याएको भन्ने व्यापक आलोचना खेप्नु परिरहेको छ। 'सानालाई ऐन, ठूलालाई चैन' भन्ने उक्ति चरितार्थ भएको छ। भ्रष्टाचारसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन पनि हुन सकेको देखिँदैन। मुलुकको संविधानअनुसार पारित हुनुपर्ने भ्रष्टाचारविरुद्ध र अख्तियार दुरुपयोगसम्बन्धी ऐनहरू विगत चार वर्षदेखि संसद्मा त्यतिकै छ।विडम्बना, उल्लेख गरिएका विद्यमान भ्रष्टाचारविरुद्धका कानुन इमान्दार र प्रभावकारी ढंगले राज्यद्वारा कार्यान्वयन गर्न कसले रोक्यो ? किन रोकियो ? कसरी रोकियो ? व्याप्त भ्रष्टाचारले मुलुक दिनानुदिन खोक्रो हुँदै गएको छ। धनी र गरिबका बीचको खाल्डो अझै फराकिलो हुँदै गइरहेको छ। मुठ्ठीभरका व्यक्ति धनवान् र राष्ट्र कंगाल बन्दै गइरहेको छ। सुशासन धरापमा पर्दैछ भने सामाजिक न्याय दयनीय अवस्थामा छ। भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय संगठनको प्रतिवेदनतर्फ ध्यान दिने हो भने नेपालको बदनाम र नेपालीले शिर झुकाउनुपर्ने स्थिति छ। सन् २०२२ मा ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका १ सय ८० राष्ट्रमा 'करप्सन पर्सेप्सन इन्डेक्स' अनुसार नेपालले १०० मा ३४ अंक प्राप्त गरेको थियो। अर्कोतिर नेपाल विश्वमा गरिब मुलुकहरूको सूचीमा पर्छ।

नेपालमा भ्रष्टाचारले गहिरो गरी जरो मात्र गाडेको छैन, यसको जालोले नगाँजेको कुनै स्थान सायदै होला। नीतिगत भ्रष्टाचार नीति निर्माताको तहबाट हुने गर्छ। राजनीतिक तहबाट नीति निर्माण हुन्छ। ऐन, नियम तथा विनियमावली आआफ्नो निहित स्वार्थ पूरा गर्ने गरी संशोधन गरेर नीतिगत भ्रष्टाचार गर्न यस्ता नीतिगत निर्णय गरिन्छन्। नीतिगत भ्रष्टाचारका ज्वलन्त र सजिलो अभ्यास भनेको मन्त्रिपरिषद् को निर्णय हो, जुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको क्षेत्राधिकार भित्र पर्दैन।

नीतिगत भ्रष्टाचारका काण्डैकाण्डका ज्वलन्त दृष्टान्तहरू छन्। जस्तै, सार्वजनिक संस्थानहरू कौडीको भाउमा निजीकरण एवं बिक्री वितरण, वाइडबडी, यती, ओम्नी, सेक्युरिटी प्रिन्टिङ प्रेस, गिरिबन्धु टी स्टेट आदि। पर्दा पछाडिका अन्य भ्रष्टाचारका प्रकरणको त लेखाजोखा नै छैन। उच्च राजनीतिक तह वा कार्यपालिकाका प्रमुख एवं सदस्यहरू मात्र भ्रष्टाचारका मामलामा कलंकित छन् भन्ने होइन। प्रशासनिक कर्मचारीको सहयोगबिना प्रधानमन्त्री, मन्त्री वा राजनीतिक व्यक्तिले भ्रष्टाचार गर्नै सक्दैनन्। किनकि जुनसुकै किसिमको नीति कार्यान्वयन गर्ने जिम्मा प्रशासनिक तहमा निहित रहन्छ। यस सन्दर्भमा के भन्न सकिन्छ भने कुनै पनि मन्त्रालयको राजनीतिक नेतृत्व मन्त्रीले गर्छ भने प्रशासनिक नेतृत्व राजपत्रांकित विशिष्ट श्रेणीको सचिवले गर्छ। भ्रष्टाचार गर्न सो मन्त्री र सचिवको बीचमा मिलेमतो हुनुपर्छ। यस्तो अवस्थामा मन्त्री सदाचारी र स्वच्छ छविको हुन्छ भने सचिवसँग भ्रष्टाचार गर्ने हिम्मत हुँदैन। गरिहाले पनि उसलाई सजिलै कानुनी दायरामा ल्याउन सकिन्छ। सचिवले भ्रष्टाचार नगरेको खण्डमा सचिव मातहतका कर्मचारीले पनि भ्रष्टाचारजन्य कसुर गर्ने हिम्मत जुटाउँदैनन्। मुलुक भ्रष्टाचार व्याप्त हुनुमा सरकारी तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूमात्र जिम्मेवार छैनन्। यसमा निजी क्षेत्र पनि त्यत्तिकै दोषी छ- उद्योगी, व्यापारी र व्यवसायी आदि।

सुझावहरू : एकातिर पर्याप्त नीतिको अभाव देखिन्छ भने अर्कोतिर विद्यमान नीतिको कार्यान्वयनमा राज्य सत्ता निष्क्रिय र उदासीन हुने गरेको पाइन्छ। तसर्थ राज्यको नियतमाथि नै प्रश्नै प्रश्न उठ्ने गरेको छ। अतः हाम्रा समस्या नीति, नेतृत्व, आचरण नियत र कुशल व्यवस्थापनमा छ भन्नुमा अत्युक्ति नहोला। बदलिँदो परिस्थितिलाई समस्या ध्यानमा राखेर सुशासनका लागि प्रभावकारी ढंगले अगाडि बढ्नु, बढाउनु आजको आवश्यकता हो।

भ्रष्टाचार, ठगी, तस्करी, अपराध, अराजकता, दण्डहीनताजस्ता कुकर्महरूलाई नियन्त्रणमा राख्न उच्च प्राथमिकता दिनुपर्छ। विद्यमान भ्रष्टाचारविरोधी कानुनको कार्यान्वयन र थप सशक्त कानुनको निर्माण, स्वतन्त्र र सशक्त संरचनाको पुनर्निर्माण गर्नुपर्छ। सम्पत्ति विवरण अनिवार्य रूपमा बुझाउनुपर्ने र नबुझाएमा राज्य सरकारले कठोरतापूर्वक सजाय गर्नुपर्ने, स्रोत नखुलेको सम्पत्ति राज्यले जफत गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ। भ्रष्टाचार अपराध हो र भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने परिपाटी बसाल्न सक्नुपर्छ। यस्तो जनचेतनामूलक अभियान भ्रष्टाचार रोक्ने अचुक उपाय हो।

निष्कर्ष : लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो। विडम्बना, मुलुकको शासन प्रणाली लोकतन्त्रको मूल्य र मान्यताअनुसार निर्देशित भएको पाइँदैन। लोकतन्त्रको नाममा बिग्रेको राजनीतिक अवस्था 'लुटतन्त्र'को दबदबा विद्यमान छ। यही अवस्था रहिरहने हो भने लोकतन्त्र र बहुदलीय राजनीतिक व्यवस्थामाथि गम्भीर आघात पुग्नेछ, पछाडि त्यसमा आश्चर्य मानिरहनुपर्ने अवस्था नरहन सक्छ। तसर्थ भ्रष्टतन्त्रलाई कडाइका साथ नियन्त्रण र नियमन गर्न माथि उल्लेख गरिएका सुझावसमेत अवलम्बन गर्न राज्यसरकार तथा राजनीतिक दलहरू गम्भीर र संवेदनशील हुन ढिलाइ गर्नु हुँदैन।

राजविराज र शम्भुनाथपछि विष्णुपुर पालिका अध्यक्ष निलम्बित

झापा(प्रस) । सप्तरीको विष्णुपुर गाउँपालिकाका २ कर्मचारी पक्राउसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियन्त्रणमा परेका गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादव निलम्बित भएका छन्।

राजविराज र शम्भुनाथ नगरपालिकाका नगर प्रमुखपछि विष्णुपुर गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादव निलम्बनमा परेका हुन्। सोलार बत्ती जडान योजनाको भुक्तानीवापत घुस मागेको सम्बन्धमा अध्यक्ष यादवविरुद्ध विशेष अदालतले म्याद थप गरी थुनामा राखेसँगै उनी निलम्बनमा परेका हुन्।

लेखापाल र एमआइस अपरेटरलाई घुस रकम लिन पठाएको विषयमा सोधपुछ र अनुसन्धानका लागि अध्यक्ष यादवलाई भदौ ६ गते अख्तियारले नियन्त्रणमा लिएको थियो। राजविराजस्थित गजेन्द्र चोकबाट गत साउन ३१ गते सोलारसम्बन्धी योजनामा घुसको रुपमा

२ लाख रुपैयाँ नगद र ३ लाख रुपैयाँ चेक लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र एमआईएस अपरेटर वीरेन्द्रकुमार यादव पक्राउ परेका थिए।

अख्तियारले विष्णुपुर गाउँपालिकालाई पत्राचार गर्दै अध्यक्ष यादव निलम्बनमा परेको जानकारी दिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १६ (४) बमोजिम विशेष अदालतबाट म्याद थप भई थुनामा रहेका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक उक्त ऐनको दफा १७ र तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ वमोजिम स्वतः निलम्बन हुने प्रावधान छ।

सोलारसम्बन्धी योजनामा अध्यक्ष यादवसँग वार्गेनिङपश्चात् ५ लाख रुपियाँमा कुरा टुँगिएको र अध्यक्षले नगदै माग गरेकोमा सेवाग्राहीले २ लाख रुपैयाँ मात्र नगद जम्मा गर्न सकेको भनेपछि ३ लाख रुपैयाँको चेक दिने सहमति भएको अख्तियारको दावी छ। उक्त रकम लिन अध्यक्ष यादवले नै कर्मचारीहरुलाई पठाएको प्रमाणका आधारमा मुद्दा चलाइएको अख्तियारका प्रवक्ता भोला दाहालले बताए।

यसअघि अख्तियारको कारबाहीमा सप्तरीका २ नगर प्रमुख परिसकेका छन्। राजविराजस्थित रंगशाला खेलमैदान स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै अख्तियारले निर्माण कम्पनी न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालकको हैसियतमा राजविराज नगरपालिकाका

❖ बाँकी अन्तिम पृष्ठमा

युवा उद्योगी श्रेष्ठ सम्मानित

भद्रपुर(प्रस) । झापा भद्रपुर निवासी युवा उद्यमी उज्वल श्रेष्ठ सम्मानित भएका छन् ।

श्रेष्ठलाई राष्ट्रिय युवा संघ भद्रपुर नगर कमिटीले आफ्नो दोस्रो नगर अधिवेशनको अवसरमा आइतबार आयोजित समारोहका बीच प्रेरक युवा उद्यमीको रुपमा सम्मान गरेको हो ।

समारोहका प्रमुख अतिथि राष्ट्रिय युवा संघका केन्द्रीय अध्यक्ष थेवेले श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए । दुई दशकभन्दा लामो समयदेखि उद्योग-व्यवसाय क्षेत्रमा लागेका

श्रेष्ठले आफ्ना बुबा यमबहादुर श्रेष्ठले सञ्चालन गरेका उद्योग-व्यवसायलाई सफलतापूर्वक निरन्तरता दिएका छन् । भद्रपुर ४ मा स्थापित धान-चामलको आधुनिक मिल गणेश एग्रोका सञ्चालक श्रेष्ठ धान-चामललगायत चिया, फिड्स उद्योगमा संलग्न छन् । भद्रपुरको सफल उद्यमीका रुपमा आफूलाई स्थापित बनाउँदै लगेका श्रेष्ठ रोटरी, लायन्सजस्ता सामाजिक संस्थामार्फत सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् ।

एमसीसी कार्यान्वयनका विरुद्ध झापामा प्रदर्शन

झापा(प्रस)। विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी झापाले एमसीसी सम्झौता कार्यान्वयनका विरुद्ध विरोध प्रदर्शन गरेको छ ।

ब्याख्यात्मक टिप्पणीका नाममा राष्ट्रघाती एमसीसी सम्झौता संसदबाट अनुमोदन गरेर नेपालको राष्ट्रिय स्वाधीनतामाथि निर्मम प्रहार गरेको र अहिले कार्यान्वयन गर्न लागिपरेको भन्दै विरुद्ध प्रदर्शन गरेको हो ।

झापाको विर्तामोडस्थित पश्चिम बस स्टेन्डबाट सुरु भएको विरोध प्रदर्शन मुक्ति चौक, इलाम स्टेन्ड हुँदै पुनः मुक्ति चोकमा आएर कोणसभामा परिणत भएको थियो । विरोध सभाको सञ्चालन पार्टीका जिल्ला कार्यालय सचिव सञ्जय सीले गरेका थिए भने नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मेची ब्युरो इन्चार्ज सुमनसिंह सीले सम्बोधन गरेका थिए । सभालाई सम्बोधन गर्दै सत्ताधारी दलहरूलाई राष्ट्रघाती एमसीसी सम्झौता कुनै हालतमा कार्यान्वयन नगर्न

चेतावनी दिए । देशको सीमा अतिक्रमण, संसदीय पुँजीवादी राज्यसत्ताको समस्या भएको भन्दै यो व्यवस्था रहँदासम्म कहिल्यै समाधान नहुने दावी गर्दै वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या समाधान हुने उनले बताए ।

एमसीसी विरुद्धको आन्दोलन नेपालको स्वाधीनता रक्षाका लागि भएको बताउँदै उनले कुनै पनि हालतमा एमसीसी कार्यान्वय गर्न नदिने उद्घोष गरे । पछिल्लो समय अमेरिकीहरुकै इशारामा एमसीसी कार्यान्वयन गराउने मौका छोपी धरानमा गाई गोरु काण्ड र प्रदेशको नामको विषयमा जनताको ध्यान केन्द्रीकृत गरेको र जनताले दलालहरुको षड् यन्त्र बुझ्नुपर्ने उनले बताए । विरोध सभामा बोल्दै उनले सम्पूर्ण जनता एमसीसीको विरुद्धमा रहेकाले राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्न र यसको विरुद्ध हरेक जनताले घरघरबाट हतियार लिएर अमेरिकी साम्राज्यवादविरुद्ध निस्कनुपर्ने बताए ।

एमसीसी सम्झौता नेपालको हितविपरित भएको भन्दै यसलाई सिधै खारेज गर्नुपर्ने र एमसीसीमार्फत् नेपाली जनतामाथि अमेरिकी बन्दुक लादिन खोजेको भन्दै आवश्यक परे यसका विरुद्ध बलिदान दिन तयार हुनुपर्ने र आफूहरु त्यसका लागि तयार रहेको बताए । कार्यक्रममा राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर, राष्ट्रघाती दलालहरू होसियार, राष्ट्रिय स्वाधीनताको रक्षा गरौ लगायतका नारा लगाईएको थियो । पछिल्लो समय नेकपाले झापासहित देशभर एमसीसीका विरुद्ध संघर्ष गरिरहेको छ।

राष्ट्रिय युवा संघ भद्रपुरको दोस्रो अधिवेशन

भद्रपुर(प्रस) ।प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय अध्यक्ष क्षितिज थेवेले संगठनमा आबद्ध युवाहरुलाई देशको समृद्धिका लागि

काम गर्न आह्वान गरेका छन् । आइतबार भद्रपुरको सिटी गार्डेनमा आयोजित राष्ट्रिय युवा संघ नेपाल भद्रपुर नगर कमिटीको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै केन्द्रीय अध्यक्ष थेवेले युवाशक्ति राष्ट्र निर्माणको मेरुदण्ड भएकोले यो शक्तिलाई खेर फाल्न नहुने धारणा व्यक्त गरे ।

संघका अध्यक्ष डिल्लीराम पोखरेलको अध्यक्षतामा आयोजित अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि थेवेले अहिले युवावर्ग राजनीतिप्रति उदासिन बन्दै गएकोप्रति दुःख व्यक्त गर्दै देशको भाग्य र भविष्यको मुख्य आधारशीला युवा भएकोले राजनीतिबाट टाढा भाग्न नहुने उल्लेख गरे ।

उनले राष्ट्रिय युवा संघ सबैभन्दा ठूलो जनाधार भएको स्थापित संगठन भएकोले यही संगठनमा गोलबद्ध भएर देश र जनताको हितका लागि काम गर्न युवाहरुलाई आह्वान गरे । संघका सचिव अर्जुन बानियाँले सञ्चालन गरेको कार्यक्रमका विशिष्ट अतिथि नेकपा एमाले झापाका उपसचिव एवम् जनसंगठन संयन्त्र प्रमुख असारु राजवंशीले शुभकामना मन्तव्य राख्दै राष्ट्रिय युवा संघमा आबद्ध युवाहरुलाई रचनात्मक गतिविधिमा अग्रसर हुन आग्रह गरे ।कार्यक्रममा अध्यक्ष पोखरेलले आफ्नो कार्यकालमा भएका गतिविधिका बारेमा चर्चा गरेका थिए ।

यसैबीच सो अधिवेशनले दिपक बुढाथोकीको अध्यक्षतामा नयाँ कमिटी निर्माण गरेको छ । जसको उपाध्यक्षमा विवेक राजवंशी, सचिव पशुपति खतिवडा, सहसचिव विजय बराई, असिम घिमिरे र कोषाध्यक्षमा संगिता खतिवडा चयन भएका छन् ।

४ शिक्षकसहित कार्यकक्षमा थुनिए क्याम्पस प्रमुख

झापा(प्रस) । महेन्द्र मोरङ क्याम्पसका क्याम्पस प्रमुख बाबुराम तिम्सिना ४ जना शिक्षकसहित आफ्नो कार्यकक्षमा थुनिएका छन्।

विराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्वविय्) र विद्यार्थीहरुले क्याम्पस प्रमुख तिम्सिना, सहायक क्याम्पस प्रमुख शिवराम चौधरी, बिबिएसको को-अर्डिनेटर रामनारायण दास, बिबिएमका को-अर्डिनेटर इन्द्रनारयण देवलाई सोमबार कार्यकक्षमा थुनिदिएका हुन्।

इन्टर्नसीप गरेको रिपोर्टको शुल्क कलेज प्रशासनले आफूखुशी बढाएको भन्दै विद्यार्थीहरूले क्याम्पस प्रमुखसहित विभागीय प्रमुख रहेका शिक्षकहरुलाई



कार्यकक्षमा थुनेका हुन्।

इन्टर्नसीप रिपोर्टको शुल्क यसअगाडि १ हजार रुपैयाँ क्याम्पसले लिँदै आएको थियो। केही दिनअघिदेखि क्याम्पस प्रशासनले आफूखुशी शुल्क बढाएर ३ हजार रुपैयाँ बनाएपछि शिक्षकहरुलाई कार्यकक्षमा थुनिदिएको स्वविय्ू सभापति जोसवन पौडेलले जानकारी दिए।

उनका अनुसार विद्यार्थीहरूलाई जानकारी नदिइ क्याम्पस प्रशासनले आफूखुशी शुल्क वृद्धि गरेपछि यस्तो कदम चालिएको हो। यसअघि निर्णय सच्याउनसमेत आग्रह गरेको उनको भनाई थियो।

विद्यार्थीहरुले इन्टर्नसीप रिपोर्टको साविकको शुल्क कायम गरिनुपर्ने भन्दै यसअघि २४ घण्टाको समय दिएको थियो। क्याम्पसले शुल्क नघटाएपछि तालाबन्दी गरेको विद्यार्थी नेताहरुले बताए। त्यसपछि विद्यार्थीहरुले क्याम्पस प्रमुखसहित शिक्षकहरुलाई कार्यकक्षमा थुनेका हुन्।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१०	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — आज पारिवारिक सद्भाव बढ्नेछ । बन्दव्यापारमा बढावा होला ।

वृष — आज राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ ।

मिथुन — परिवारमा झैझमेलाको अवस्था आउनसक्छ । दिनको उत्तरार्धमा बढी खर्च

कर्कट — सवारीसाधनको खरिद बिक्री हुने योग छ । दाम्पत्य जीवन पनि सुखमय नै रहला ।

सिंह — आज माया प्रेममा सामीप्यता बढेर जानेछ । शुभ समाचार सुन्न पाइएला ।

कन्या — आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

तुला — खर्च नियन्त्रणभन्दा बाहिर हुनसक्छ । कार्य सम्पादनमा सहजता नमिल्ला ।

वृश्चिक — आज इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।

धनु — सांस्कृतिक महत्वको क्षेत्रमा भ्रमण हुनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर — आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । रमाइलो यात्रा पनि होला ।

कुम्भ — धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

मिन — अरुलाई प्रभावित पारेर काम बन्नेछ । चलाखीपूर्ण बोलीले काम बन्न सक्छ ।